सुचना ! सुचना !! सुचना !!!

मिति २०७७/०४/१६ गते श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यूको उपस्थितिमा यस दुहबी नगरपालिकाको पालिकास्तरीय कोभिड १९ आपतकालिन व्यवसथापन समितिको बसेको बैठकबाट यहि २०७७/०४/१७ गते शनिवार विहानदेखि लागुहुने गरी देहाय अनुसारका निर्णय भएको हुदा सोही बमोजिम गर्न गराउनहुन सवैलाई सूचित गरिन्छ, साथै उक्त निर्णयको पालना नगरेमा संक्रामक रोग ऐन बमोजिम कार्यवाही हुने व्यहोरा समेत सुचित गरिन्छ। कोभिड १९ को संक्रमणबाट बच्न निम्न उपायहरु अवलम्बन गर्नहुन समेत सवैमा अनुरोध छ।

१.अर्को निर्णय नभएसम्म दुहबी नगरपालिकाभरीका सप्ताहिक हाटबजार तथा पार्टीप्यालेसहरु बन्द गर्ने

२.कोभिड १९ सम्बन्धी जनस्वास्थ्य मापदण्ड पुर्णत पालना गरी विहान ९ बजेदेखि अपरान्ह ४ बजेसम्म मात्र पसल संचालन गर्ने ,

३. कोभिड १९ सम्बन्धी जनस्वास्थ्य मापदण्ड पुर्णत पालना गरी विहान ९ बजेदेखि अपरान्ह ४ बजेसम्म मात्र होटल संचालन गर्ने र प्याकेट बन्दी खाना मात्र बेच्ने ,

४.घर बाहिर जादा सवैले अनिवार्य रूपमा मास्क लगाउने ,मास्क नलगाएको भेटिएमा संक्रामक रोग ऐन बमोजिम रू.१००। जरिवाना वा १ महिना कैद सजाय हुन सक्ने,

५. कोभिड १९ सम्बन्धी जनस्वास्थ्य मापदण्ड पुर्णत पालना गरी पुर्ववत रुपमा उद्योहरु संचालन गर्ने,

६. ई–रिक्सा तथा अटो रिकसा लगायतका सवारी साधनमा सिट क्षमताभन्दा आधा संख्यामा मात्र यात्रु राखी संचालन गर्ने , ई–रिक्सा तथा अटो रिकसा स्थानीय रुपमा मात्र संचालन गर्ने र बाहिरबाट प्रवेश गर्न नदिने,

कोभिड १९ सम्बन्धी मुलभुत जनस्वास्थ्य मापदण्ड :

१. कम्तिमा २ मिटरको सामाजिक दुरी कायम राख्ने,

२. मास्क लगाउने,

३. साबुन पानी वा स्यानिटाइजर पटक पटक हात सफा गर्ने